बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।

**क. निकायको स्वरुप र प्रकृतिः**

कम्पनी ऐन २०५३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित बैंक।

**ख. निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

कार्यरत कर्मचारी संख्या ७७० रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ। व्यवस्थापन समूहको नाम र पद http://www.bok.com.np/management-team मा हेर्न सकिन्छ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सर्म्पूण बैंकिङ्ग सेवाहरु।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाईट http://www.bok.com.np/branches-networks मा उपलब्ध छ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको शाखाहरुमा उपलब्ध गराइएको छ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाइएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकहरुको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा सेवा तथा सहायता संचालन विभाग प्रमुख गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ। निजको ठेगाना यस प्रकार रहेको छ।

**श्री महेश मिश्र**
सहायक महाप्रवन्धक - सेवा तथा सहायता संचालन
बैंक अफ काठमाण्डू लिमिटेड, प्रमुख कार्यालय, कमलपोखरी, काठमाडौं
फोन नं.: ०१-४४१४५४१, ईमेलः mahesh.mishra@bok.com.np

**झ. सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भइरहेको छ।

**ञ. सूचना अधिकारीको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीहरुलाई तोकिएको छ।

१. प्रमुख सूचना अधिकारी

**श्री महेश मिश्र**
सहायक महाप्रवन्धक - सेवा तथा सहायता संचालन
बैंक अफ काठमाण्डू लिमिटेड, प्रमुख कार्यालय, कमलपोखरी, काठमाडौं
फोन नं.: ०१-४४१४५४१, ईमेलःmahesh.mishra@bok.com.np

२. सहायक सूचना अधिकारी

**श्री विष्णु चालिसे**
प्रमुखः अनुपालना तथा सम्पत्ति शुद्धीकरण निवारण विभाग
फोन नं.: ०१-४४१४५४१ Ext १३७, ईमेलः bishnu.chalise@bok.com.np

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. कम्पनी ऐन, २०६३
४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. करार ऐन,२०५६
१०.विनिमय अधिकारपत्र ऐन, २०३४
११.विदेशी विनिमय (नियमित गर्ने ऐन) २०१९ आदि ।
१२.उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१३.नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने बैंकको वेभसाईट www.bok.com.np मा समेत रहेको छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री शोभन देव पन्त,**
प्रमुख कार्यकारी अधिकृत
बैंक अफ काठमाण्डू लिमिटेड, प्रमुख कार्यालय, कमलपोखरी, काठमाडौं,
फोन नं.: ०१-४४१४५४१, ईमेल:shovan.pant@bok.com.np

## साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :**

यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :** www.bok.com.np

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**

वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेभसाईटमा समेत प्रकाशित गर्दै आएको छ ।

पोष्टबक्स नं.: ९०४४,कमलपोखरी, काठमाण्डौं,
फोन नं.: ९७७-०१-४४१४५४१, फ्याक्स: ९७७-०१-४४१८९९०
इमेल: info@bok.com.np, वेभ साइट: www.bok.com.np